This Question Paper consists of 14 questions and 8 printed pages.
यस प्रश्न–पत्रमा 14 प्रश्न र 8 मुद्रित पृष्ठ छ।

Roll No.
अनुक्रमांक

Code No. 71/S/231/A/N
कोड नं.

Set / सेट – A

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination
(परीक्षाको दिन अनि दिनाङ्क) ____________________

Signature of Invigilators
(निरीक्षकहरूको हस्ताक्षर) 1. ____________________

2. ____________________

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन।
5. उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **71/S/231/A/N, सैट – A** लेख्नुहोस्।

**NOTE / निर्देश :**

(1) Answers of all questions are to be given in the Answer-Book given to you.
सभी प्रश्नों के उत्तर आपको दी गयी उत्तर पुस्तिका में ही लिखें।

(2) 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 02.15 p.m. From 02.15 p.m. to 02.30 p.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.
इस प्रश्न–पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न–पत्र का वितरण दोपहर में 02.15 बजे किया जाएगा। 02.15 बजे से 02.30 बजे तक छात्र केवल प्रश्न–पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर–पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

**NEPALI**

**नेपाली**

**(231)**

समय : **3** घण्टा | पूर्णाङ्क : **100**

---

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रश्नको अङ्क छेउमा दिइएको छ।

(ii) यस प्रश्नपत्रमां **तीन** खण्ड – खण्ड–क, खण्ड–ख र खण्ड–ग छन्।

(iii) यस प्रश्नपत्रमा कुल **13** प्रश्नहरू छन्।

---

**खण्ड – क**

**1** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्। **1×6=6**

पिता छविलाल गिरी र माता श्रीमती विमलादेवी गिरीका सुपुत्र जातीय गोर्खा कवि अगमसिंह गिरीको जन्म सन् १९२७ को दिसम्बर २७ तारिक दार्जीलिङ्को चाँदमारीमा भएको थियो।

'नौलाखे तारा उदाये' लेख़े गिरीको यो गीतलाई एकपटक भारत सरकारले प्रतिबन्ध लगाएको थियो। यसकै प्रतिफल हुन् उनका याद(खण्डकाव्य), जीवन गीत (कवितासङ्ग्रह), आत्मकथा (खण्डकाव्य), आँसु, युद्ध र योद्धा (खण्डकाव्य), जलेका प्रतिबिम्बः रोएको प्रतिध्वनि (कवितासङ्ग्रह) आदि कृतिहरू प्रकाशित भएका छन्। 'क्रन्दन' भन्ने शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता उनले नेपालप्रति लेखेका छन्। संस्कृत छन्दहरूमा केही कविता लेखेबाहेक उनका सम्पूर्ण कविताहरू लयबद्ध छन्। मानव विरहको औधि राम्रो चित्रण गिरीका कविताको विशेषता हो। गिरीका सबै कृतिहरू दुर्लभ पर्न थालेपछि समग्र गिरीका कृतिहरूलाई समेटेर सिक्किमको निर्माण प्रकाशनले 'अगमसिंह गिरी रचनावली' नामक कृतिहरू चार भागमा प्रकाशित गरिसकेको छ। आज उनका नामना दार्जीलिङ, सिक्किम र अन्य कतिपय ठाउँहरूबाट अगमसिंह गिरी स्मृति पुरस्कारहरू साहित्यमा उत्कृष्ट सेवा गर्ने व्यक्तिहरूलाई वर्षेनी प्रदान गरिन्छ।

निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोसः

(i) कवि अगमसिंह गिरीको माताको नाम के थियो?

(A) छविमाया गिरी (B) विमला भण्डारी

(C) विमलादेवी गिरी (D) विमलादेवी छेत्री



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

(ii) अगमसिंह गिरीको जन्म कहाँ भएका थियो?

(A) दार्जीलिंङ को चानबारीमा। (B) दार्जीलिंङ को चाँदमारीमा।

(C) सिक्किम को चदमारीमा। (D) असमको चाँदमारीमा।

(iii) ________ लाई एकपटक भारत सरकारले प्रतिबन्ध लगाएको थियो।

(A) याद (B) आँसू

(C) जीवन गीत (D) नौ लाखे तारा उदाये

(iv) 'युद्ध र योद्धा' र जलेका प्रतिबिम्बः रोएको प्रतिध्वनि क्रमशः ________ हुन्।

(A) कवितासङ्ग्रह र खण्डकाव्य (B) खण्डकाव्य र कवितासङ्ग्रह

(C) कवितासङ्ग्रह र कवितासङ्ग्रह (D) खण्डकाव्य र खण्डकाव्य

(v) समग्र गिरीका कृतिहरूलाई समेटेर सिक्किमको निर्माण प्रकाशनले 'अगमसिंह गिरी रचनावली' नामक कृतिहरू चार भागमा प्रकाशित गरिसकेके छ।

(A) निर्माणं प्रकाशन खोलेकाले।

(B) अगमसिंह गिरी भारतीय भएकाले।

(C) अगमसिंह गिरीले अनुरोध गरेलाले

(D) गिरीका सबै कृतिहरू दुर्लभ पर्न थाले पछि।

(vi) अगमसिंह गिरी का कृति का नाँउ के हो?

(A) 'नौलाखे तारा उदाये' (B) दुर्लभ

(C) रचनावली (D) रोएको प्रतिध्वनि

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

**2** निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोसः (कुनै 4 वटा) **1×4=4**

(i) औपचारिक पत्रका अन्तर्गत छैन –

(A) प्रार्थना पत्र (B) पारिवारिक पत्र

(C) सरकारी पत्र (D) व्यावसायिक पत्र

(ii) खामको पिठिऊँमा दिनु पर्छ

(A) पत्र को उत्तर (B) पत्र लेखको तारीख

(C) पाउने मनिसको ठेगान (D) पत्र लेखकको उमेर

(iii) माताले पुत्रीलाई लेखेको पत्र के को अन्तर्गत हो?

(A) सरकारी पत्र (B) व्यापारिक पत्र

(C) औपचारिक पत्र (D) अनौपचारिक पत्र



**UNNATI EDUCATION**
**9899-436-384: 9654-279-279**

(iv) पत्रहरूका कति प्रकार हुन् ?

(A) तीन (B) छः

(C) दुइ (D) चार

(v) कार्यालयीय पत्र कुन प्रकार पत्रको अर्न्तगत हो ?

(A) औपचारिक पत्र (B) अनौपचारिक पत्र

(C) व्यापारिक पत्र (D) पारिवारिक पत्र

3 निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोस्ः (कुनै 5 वटा) **5×1=5**

(i) निबन्धको प्रारम्भिक भाग के हो ?

(A) मध्य (B) उपसंहार

(C) प्रस्तावना (D) विषय प्रवेश

(ii) 'निबन्ध' शब्दमा 'नि' को अर्थ हो ?

(A) न राम्रो (B) सुन्दर प्रकार

(C) कथा (D) बन्ध

(iii) कुन प्रकारको निबन्ध घटनात्मक हुन्छ ?

(A) विचारात्मक (B) वर्णनात्मक

(C) विवरणात्मक (D) उपयुक्त सबै

(iv) निबन्ध को अन्तिम भाग के हो ?

(A) विषय प्रवेश (B) प्रस्तावना

(C) उपसंहार (D) मध्य

(v) निबन्धमा शैलीको अर्थ के हो ?

(A) सुन्दर (B) अध्ययन

(C) ढङ्ग (D) शुद्ध



UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR
UNNATI EDUCATION
9899-436-384: 9654-279-279

4 निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोस्: 4×1=4

(i) बोलेर विचार प्रकट गर्नुलाई भाषालई के मनिन्छ ?

(A) लिखित भाषा (B) मौखिक भाषा

(C) उपभाषा (D) विभाषा

(ii) शैलीगत भाषा प्रयोगले अभिव्यक्ति हुन्छ

(A) भाषा (B) प्रभावशाली

(C) सजिलो (D) शीर्षक

(iii) भाषाका मुख्य प्रकार हुन्छन् –

(A) चार (B) दुई

(C) पाँच (D) तीन

(iv) भाषाको प्रयोगमा सही–सही शब्दहरू चुनेरा प्रयोग गर्नुलाई के भनिन्छ ?

(A) वाक्य (B) शब्दचयन

(C) विचारक्रम (D) सार्थकता

## खण्ड – ख

5 खालि ठाउँहरू भर्नुहोस् (कुनै 5 वटा) 1×5=5

(i) इच्छामा वेदना छ। इच्छाको जन्म ________ हुनाले हुन्छ।

(ii) शब्द निर्माणका लागि उपसर्ग और प्रत्यय ________ प्रमुख साधन छन्।

(iii) अन्धकार थियो, चारैतिर ________ थियो।

(iv) नेपालका त्रिरत्नमध्ये ________ एक रत्न हुन्।

(v) ________ अज्ञानको अन्धकार नाश गर्छ।

(vi) नवयुवक युवतीहरू ________ किरण हुन्।

6 ठीक उत्तरमा 'सत्य' र गलतमा 'असत्य' लेख्नुहोस्: (कुनै 5 वटा) 1×5=5

(i) साहित्य सत्य, शिव र सुन्दरलाई प्रकाश गर्ने एउटा साधन हो।

(ii) शिक्षाका अभावले नेपालीहरू निष्क्रिय अनि डरपोक भएका छैनन्।

(iii) आफ्नो भाग्य को निर्माता आफै हो।

(iv) दार्जीलिंङ्का विभिन्न स्थानमा सन् १८५६ साल देखिनै चियाको खेती शुरू भयो।

(v) 'तारुखे नामा आयो' भनेको नागा साथी आयो भनेको हो।

(vi) नेपाली भाषाले भारतीय संविधानको आठौ अनुसूचीमा मान्यता २० अगष्ट १९८२ को दिन पाएको थियो।



EDUCATIONS EK KADAM UNNATI KI AUR

UNNATI EDUCATION
9899-436-384: 9654-279-279

7 तलको प्रश्नहरूको एक शब्दमा उत्तर लेख्नुहोस्। (कुनै 10 वटा) 1×10=10

(i) 'आमा' कविता का कवि के हुन्?

(ii) खुशी कसले छाडेर गए?

(iii) 'उत्तरतिर कंस करायो' कवितामा कंस के प्रतीक के – हो?

(iv) चियाबारीका श्रमिकहरूको माँग के थियो?

(v) 'कवि र कविता' अनुसार भाग्यको निर्माता के हो?

(vi) 'लेखनाथ पौड्याल' कुन भावधारा का कवि हुन?

(vii) 'साहित्यलाई गुराँस को फूल लाइदिएको मात्र हो।' कुन पाठ बाट उडत हो?

(viii) 'एउटा कथा भन्नुसून बाजे' लेखक के हुन्?

(ix) 'दृश्य काव्य' के लाई भनिन्छ?

(x) 'पदमा' कसको आधारमा लेखिएको छ?

(xi) नेपाली भाषाले भारतीय संविधानको आँठौ अनुसूचीमा कहिले मान्यता पाये।

(xii) 'मृगतृष्णा' कथा–सङ्ग्रहमा विशेष प्रतिनिधित्व गरेको पाइन्छ?

8 अधोलिखित प्रश्नहरूको निर्देशानुसार उत्तर लेख्नुहोस्ः (कुनै 11 वटा) 1×11=11

(i) विपरी तार्थक शब्द लेख्नुहोस् –
परविचार, सापेक्ष

(ii) पर्यायवाची शब्द लेख्नुहोस् –
बाँहा, जंग

(iii) सन्धि–विच्छेद गर्नुहोस् –
कथोपकथन

(iv) समास विग्रह गर्नुहोस् –
च्याक्से–खबटे

(v) 'देशमाता' कुन समास हो –

(vi) 'निर्विष' शब्द को अर्थ लेख्नुहोस्।

(vii) 'उप' उपसर्ग जोडेरा एउटा शब्द–रचना गर्नुहोस्।

(viii) शब्दका अन्तमा 'ई' प्रत्यय जोडेर नर्या शब्द बनाऔ।

(ix) 'उज्जवल' कुन सन्धिको अंतर्गत?

(x) 'बाँदरको पुच्छर, लौरो न हतियार' भनेको के हो?

(xi) समध्वनिमूलक शब्दहरू का अर्थ लेख्नुहोस्
तप–ताप

(xii) तिमीलाई अल्छी लाग्यो। यस वाक्यमा कुन विभक्ति छ?

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

## खण्ड – ग

9 निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोसः

प्रस्तुत अंशमा लेखक ले मानिसको अस्तित्व रहनको निम्ति चेतना, सम्झना र इच्छा भए मात्र सम्भव छ र यी तीन कुरा नभए मानिस हुनसक्दैन, बाँच्न सक्दैन भनी लेखक भन्छन्। कविहरु मानिस तीनतारे सारङ्गी हो भन्छन्। यी तीनतार हुन्–चेतना, सम्झना र इच्छा। मानिस विवेकशील प्राणी हो, उ नसोची र नबिचारी बरन सक्दैन। यो सोचाइ र विचार गराई मानिस को चेतनाले गर्छे। चेतना न भएको मानिस पढ़न लेख्न वा कुरा गर्न एवं सोच्न समेत सक्दैन। चेतना भएपछि मानिसले अनेक किसिम सम्झना गर्छे। सम्झानाकै माध्यम द्वारा मानिसले पूराना र बितेका कुरा सम्झन्छ, भोलिका निम्ति याद गर्छे र धेरै धेरै कुरा गर्छ र केहि लेख्छ। मानिस बाँच्न सक्दैन। इच्छाविना मानिसको जीवन अधुरो र अपूरो हुन्छ। इच्छाले नै मानिसलाई अघि बढ़ने र उन्नति गर्ने जागर बढाँउछ, जीवन लम्याउँछ।

(i) मानिसको अस्तित्व रहनेत्रे कुन कुरा नमए बाँच्न सक्दैन? **3**

(ii) मानिस कस्तो किसिसका प्राणी हो? **3**

**अथवा**

(ii) मानिसमा चेतना नमए के हुन्छ?

(iii) अनुच्छेद को सार–आफ्नो भाषा–शैलीमा **5**

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

10 निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ी तलका प्रश्नहरूको उत्तर लेख्नुहोसः

जो छन् लाटा सकल तिनको ओठ मै खोलिदिन्छु
नेपालीको सकल दिलको माँग मै बोलिदिन्छु॥
जो छन् अल्छी सकल तिनमा जोश मै बालिदिन्छु
जो छन् हुस्सु सकल तिनमा होश मै हालिदिन्छु॥
जो छन् लाटा सकल तिनको ओठ मै खोलिदिन्छु
नेपालीको सकल दिलको मांग मै बोलिदिन्छु॥

(i) कवि र कविता को नाम लेख्नुहोस्। **5**

(ii) कविले कसलाई र कसरी बाठा बनाउने र होश दिलाउने कुरा गरेको छन्। **3**

(iii) उपर्युक्त पद्यांशको भावार्थ लेख्नुहोस्। **2**



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

11 निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्ः (कुनै 3 वटा) **3×2=6**

(i) त्रिकोण भनेको के हो ? यसमा त्रिकोण को को हुन् ?

(ii) नेपाली भाषामा लेखापढ़ी गर्न किन गाह्रो मान्छन् ?

(iii) 'शान्ति अलिकति सुतोस्' को अर्थ स्पष्ट गर्नुहोस्।

(iv) 'आमा' को तुलना को संग गरेको छः अर्थ स्पष्ट गर्नुहोस्।

12 निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस्ः (कुनै 2 वटा) **2×5=10**

(i) 'शहीदहरूको समझना' कविता को कवि को जीवन परिचय लेख्नुहोस्।

(ii) 'मृगतृष्णा' कस्तो कथा हो ? कथाका पात्रहरू कतिजना छन् र कस्ता कस्ता छन् ?

(iii) 'जीवन र साहित्य' पाठ अनुसार मतभेदमा के गर्नेपर्नेछ ?

13 आफ्नो दाज्यूलाई आफ्नो परिक्षाको परिणामको विषयमा पत्र लेख। **5**

**अथवा**

स्थानीय पुस्तक विक्रेतालाई के ही पुस्तकहरू वी.पी.पी. द्वारा पठाईदिने अनुरोध गर्दे पत्र लेख्नुहोस्।

14 निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस्ः **8**

(i) ऑनलाइन शिक्षादान

(ii) अनुशासनको महत्व

(iii) देशनिर्माणमा युवा वर्गको भूमिका

(iv) यदि म प्रधानमन्त्री भए।

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR



UNNATI EDUCATION
9899-436-384: 9654-279-279